# ६.प्राकृतिक व्यक्ति (Natural Person)

**१. प्राकृतिक व्यक्ति कसलाई भनिन्छ ?**

*महिला, पुरुष वा अन्य लिंग भएको मानिस (Human being) लाई प्राकृतिक व्यक्ति भनिन्छ ।*

**२. सवै प्राकृतिक व्यक्तिले आयकरमा दर्ता गर्नुपर्दछ ?**

*कर लाग्ने आय हुने वा अग्रिम कर कट्टी गर्ने प्राकृतिक व्यक्तिले स्थायी लेखा नम्बर PAN लिनु पर्दछ ।*

**३. प्राकृतिक व्यक्तिको करको दायित्व कति हुन्छ ?**

*प्राकृतिक व्यक्तिको दायित्व असीमित हुन्छ अर्थात् कर तिर्न अटेरी गरेमा निजको घरघराना जायजेथा लिलाम विक्री गरी पनि आयकर असुली गर्न सकिन्छ ।*

**४. प्राकृतिक व्यक्तिले कंहा दर्ता गर्नुपर्दछ ?**

*प्राकृतिक व्यक्तिले आफू बसोबास गरेको स्थल वा कारोवार गरेको स्थल (प्रोप्राइटरशीप फर्म भए सो फर्मको मुख्य ठेगाना रहेको स्थल) वा रोजगारी गरेको ठाउँसँग सम्बद्ध आन्तरिक राजस्व कार्यालयबाट PAN लिनु पर्दछ ।*

**५. प्राकृतिक व्यक्तिले दर्ता गर्दा के के कागजात चाहिन्छ ?**

*प्राकृतिक व्यक्तिले PAN लिंदा आफ्नो परिचय खुलाउने प्रमाणको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा राहदानी), फोटो, पेशा व्यवसाय गरेको भए पेशागत प्रमाणपत्र वा फर्म दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्दछ ।*

**६. प्राकृतिक व्यक्तिको कति आय भएमा कर लाग्छ ?**

*प्राकृतिक व्यक्तिको रोजगारी आय भएमा कर छुटको स्लाब नभएकोले शुरुदेखि कै आयमा कर लाग्दछ तर प्रोप्राइटरशीप फर्मको शुरु स्लाबमा (व्यक्तिको लागि रु.१ लाख ६० हजार तथा दम्पत्तिका लागि रु.२ लाख) कर लाग्दैन । रोजगारी आयमा भने १% ले यो रकममा कर लाग्दछ ।*

**७. के प्राकृतिक व्यक्तिको सवै आयमा कर लाग्छ ?**

*प्राकृति व्यक्तिको कृषि आय बाहेक सबै आयमा कर लाग्दछ । तर विशेष उद्योग संचालन गरी प्राप्त गरेको आयमा आयकर ऐनले विशेष छूटहरु प्रदान गरेको छ ।*

**८. प्राकृतिक व्यक्तिलाई लाग्ने करको दर कति हो ?**

*प्राकृतिक व्यक्तिलाई कर योग्य आयमा लाग्ने करको दर निम्नानुसार छ ।*

| | | | |
|---|---|---|---|
| *(क)* | *व्यक्ति* | - | *रोजगारी आयमा शुरु रु. १ लाख ६० हजार सम्म १%* |
| | *दम्पत्ति* | - | *रोजगारी आयमा शुरु रु. २ लाख सम्म १%* |
| | *व्यक्ति* | - | *प्रोप्राइटरशीप फर्ममा शुरु रु. १ लाख ६० हजारसम्म कर नलाग्ने* |
| | *दम्पत्ति* | - | *प्रोप्राइटरशीप फर्ममा शुरु रु. २ लाखसम्म कर नलाग्ने* |
| *(ख)* | *व्यक्ति (रु. २ लाख ६० हजारसम्म आय भएमा)* | - | *(क) अनुसारको कर र त्यसपछिको रु. १ लाखमा १५%* |

| | | | |
|---|---|---|---|
| | *दम्पत्ति (रु. ३ लाखसम्म आय भएमा)* | - | *(क) अनुसारको कर र त्यसपछिको रु. १ लाखमा १५%* |
| *(ग)* | *व्यक्ति (रु. २ लाख ६० हजारभन्दा बढी आय भएमा)* | - | *(ख) अनुसारको कर र त्यसपछिको जतिसुकै आयमा २५%* |
| | *दम्पत्ति (रु. ३ लाखभन्दा बढी आय भएमा)* | - | *(ख) अनुसारको कर र त्यसपछिको जतिसुकै आयमा २५%* |

**९. प्राकृतिक व्यक्ति सम्वन्धी कुनै विशेष व्यवस्था छ कि ?**

*प्राकृतिक व्यक्तिले आयकर नियमावलीले तोके अनुसारको दरले दुर्गम क्षेत्रमा बसोबास गरी व्यवसाय वा रोजगारी गरेमा करयोग्य आयमा छुट पाउँछ । यस्तो छुट 'ङ' वर्गको भौगोलिक क्षेत्रमा ६ हजार रुपैयाँदेखि 'क' वर्गको भौगोलिक क्षेत्रमा रु. ३० हजार रुपैयाँसम्म छ ।*

*त्यसैगरी बासिन्दा प्राकृतिक व्यक्तिले वार्षिक रु.७५०।- मा नबढ्ने गरी आफुले गरेको औषधि उपचार खर्चको १५ प्रतिशतमा नबढाई (सौन्दर्य सल्य चिकित्सामा भएको खर्च बाहेक) तिर्नुपर्ने करमा सोझै कर कट्टी मिलान गर्न दावी गर्न सक्दछन् । एक वर्षको दावी रु.७५०।- को सीमाले कर मिलान गर्न नभ्याए आगामी वर्षहरुमा सार्न समेत पाउँछ । यस दावी सुविधा अन्तर्गत आफुले तिर्ने गरेको स्वास्थ्य विमाको प्रिमियम रकम पनि औषधि उपचार खर्च मानी कर मिलानको दावी गर्न सकिन्छ।*

**१०. प्राकृतिक व्यक्तिले दम्पतिको रुपमा आय विवरण पेश गर्न के आन्तरिक राजश्व विभागसँग स्वीकृति लिनु पर्दछ ? श्रीमान् श्रीमती दुवै जनाको आयश्रोत नभई एक जनाको मात्रै आय भए दम्पत्तिको सुविधा पाइन्छ कि पाइदैन ?**

*प्राकृतिक व्यक्तिले दम्पत्तिको रुपमा आफैले छनौट गरी आय विवरण भर्न सक्दछन् । यस्तो छनौट अर्को वर्ष परिवर्तन पनि गर्न सक्दछ । यस्तो छनौट गर्न आ.रा.वि. लगायत कसैसंग स्वीकृति लिई रहनु पर्दैन । श्रीमान् वा श्रीमती दुबैजनाको आयश्रोत*

*भए पनि नभएपनि यस्तो छनौट गर्न सक्दछन् र प्राकृतिक व्यक्तिले दम्पत्तिले पाउने सुविधा पाउन सक्दछ । आश्रितलाई भरणपोषण गर्नुपर्ने बासिन्दा विधवा वा विधुरलाई पनि दम्पत्ति सरह मानिन्छ ।*

**११. श्रीमतिको रोजगारी पेशा छ तर श्रीमान् को कुनै आयश्रोत छैन भने औषधी उपचार खर्च वापत कर दावी गर्दा श्रीमान् विरामी हुदाको खर्च दावी गर्न पाइन्छ कि पाइदैन ?**

*श्रीमान्को कुनै आयश्रोत नभए पनि (वा श्रीमतीको कुनै आयश्रोत नभए पनि) श्रीमतीको कर रकमबाट (वा श्रीमान्को कर रकमबाट) श्रीमान् बिरामी हुँदाको औषधि उपचार खर्च (वा श्रीमती बिरामी हुँदाको औषधी उपचार खर्च) वापत् कर मिलान गर्न दावी गर्न पाईन्छ । यस्तो कर मिलानको सुविधा दुबैजना दम्पत्ति विरामी हुँदा लागेको औषधि उपचार खर्च वापत पनि पाईन्छ । तर बार्षिक कर मिलान दावी रकम रु. ७५०।- भन्दा बढी हुन सक्दैन र कूल औषधि उपचार खर्चको १५ प्रतिशत भन्दा बढी पनि हुन सक्दैन । तर बढी खर्च वापतको दावी कर मिलान रकम आगामी वर्षहरुमा सार्न पाईन्छ । यसै गरी श्रीमानको बीमा गरेको रकम भएमा पनि २० हजार सम्मको सीमा अन्तर्गत रही खर्च कट्टी गर्न पाईन्छ ।*